# लोक सेवा आयोग

## नेपाल न्याय सेवा, न्याय समूह, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

मितिः- २०८०।१०।०३

समयः ३ घण्टा | पत्रःद्वितीय | पूर्णाङ्कः- १००

बिषयः सेवा सम्बन्धी

तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

१. नेपालको संविधानमा भाग ३ को धारा १६ देखि ४६ सम्म विभिन्न मौलिक हकको व्यवस्था गरिएको छ। यी मध्ये केही हकको प्रचलन स्वतन्त्र रुपमा हुने व्यवस्था छ भने केही हकको प्रचलन कानून बमोजिम हुने व्यवस्था रहेको छ। यसै गरी संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको व्यवस्था रहेको छ। नेपालले संयुक्त राष्ट्र संघीय मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ प्रति पूर्ण प्रतिबद्धता जनाउँदै सन् १९६६ का नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र लगायत अन्य महत्वपूर्ण महासन्धिहरूको पनि पक्ष रही यसबाट सृजित दायित्वहरूसमेत स्वीकार गरेको छ।

यस पृष्ठभूमिमा निम्न प्रश्नहरूको जवाफ दिनुहोस्। 6+4+5=15

क) मौलिक हकको प्रचलनका सम्बन्धमा संविधानमा किन फरक व्यवस्था गरिएको हो ? मौलिक हक बन्देजरहित (Absolute) हुनुपर्ने कुरामा तपाँईको विचार के छ ? तर्कयुक्त धारणा पेश गर्नुहोस्।

ख) संविधानले व्यवस्था गरेका मौलिक हकहरूलाई मानव अधिकार सम्बन्धी प्रमुख दस्तावेज (Principal Bill of Human Rights) को आधारमा कसरी वर्गीकरण गर्नुहुन्छ ? स्पष्ट पार्नुहोस्।

ग) संविधान अन्तर्गतका मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वबीच के कस्तो अन्तरसम्बन्ध रहेको छ ? चर्चा गर्नुहोस्।

२. कुनै मुद्दामा एक तहको अदालतबाट भएको फैसला सर्वमान्य नभई उक्त मुद्दामा कुनै पक्षले चित्त नबुझाउन सक्दछन्। कतिपय अवस्थामा स्वयम् न्यायकर्ताबाट पनि प्रमाणको मूल्याङ्कन वा कानूनको प्रयोग गर्दा त्रुटि हुन सक्ने सम्भावना पनि रहन्छ। तसर्थ, न्याय प्रणालीमा मुद्दाको पक्षलाई असन्तुष्टि व्यक्त गर्ने वा न्यायकर्ताबाट हुन सक्ने कमी कमजोरी र त्रुटिहरूको परीक्षण गरिने प्रावधान राख्नुपर्ने विधिशास्त्रीय मान्यता रहेको छ। कुनै पनि अदालत वा न्यायाधीशबाट भएको फैसला उपर मुद्दाका पक्षलाई कम्तिमा एक तह पुनरावेदन गर्न सक्ने अधिकार दिइएको हुन्छ। यसै मान्यतालाई नेपालले अपनाएको न्यायिक प्रणालीले पनि स्वीकार गरेको छ। तर व्यवहारमा हेर्दा मुद्दाका पक्षहरूले शुरु अदालतको फैसला उपर ठूलो संख्यामा पुनरावेदन गर्ने गरेको पाइन्छ। सरकारबादी मुद्दामा पनि प्रायः एक तहको पुनरावेदन गर्ने गरेको नै पाइन्छ। एक तहको पुनरावेदन परी मुद्दा अन्तिम भएको अवस्थामा पनि पक्षहरूले मुद्दा दोहोऱ्याउन निवेदन दिने र निस्सा प्रदान गर्ने गरेको पाइन्छ। कतिपय अवस्थामा रिट निवेदनको माध्यमबाट पनि सोही बिषयमा प्रवेश गर्ने गरेको पाइन्छ। स्वयम् सर्वोच्च अदालतको फैसला उपर पुनरावलोकनको माग गर्ने र पुनरावलोकनबाट टुङ्गो लागिसकेपछि पनि संचार माध्यमलाई प्रयोग गरी आफ्नो असन्तुष्टि व्यक्त गर्ने गरेको पाइन्छ। परिणामतः एकातिर अदालतको काम कारबाहीमा जनविश्वास आर्जनको समस्या देखिन्छ भने अर्कोतर्फ पुनरावेदन तहका अदालतहरू खास गरी सर्वोच्च अदालतमा ठूलो संख्यामा मुद्दा फछ्र्यौट हुन बाँकी देखिन्छ।

यस पृष्ठभूमिमा देखिएका समस्याहरूको पहिचान गर्दै यसका कारणहरुको विवेचना गर्नुहोस्। साथै, समाधानका उपायहरूका बारेमा विश्लेषणात्मक प्रस्तुति दिनुहोस्। 20

क्रमशः

३. नेपालमा सर्वसाधारणको सुख, शान्ति र आर्थिक हितको निमित्त समाजमा आर्थिक अनुशासन, नैतिकता र सदाचार कायम राख्न भ्रष्टाचार निवारणका सम्बन्धमा समयानुकूल कानूनी व्यवस्था गर्न भ्रष्टाचार निवारण ऐन, २०५९ जारी भई ऐनले भ्रष्टाचारको कसूर र सजायको व्यवस्था गरेको छ। मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन, कानूनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र श्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरी सर्वसाधारणले पाउनुपर्ने सेवा छिटोछरितो तथा कम खर्चिलो ढङ्गबाट पाउने अवस्था सृजना गर्न, सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वयनमा ल्याउन, र प्रशासन संयन्त्रलाई सेवा प्रदायक संयन्त्र तथा सहजकर्ताको रुपमा रुपान्तरण गरी मुलुकमा सुशासनको प्रत्याभूति दिने उद्देश्यका साथ सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ पनि प्रचलनमा रहेको छ । न्याय परिषद् ऐन, २०७३ ले न्यायाधीशको अनुशासनात्मक कारबाही र बरखास्तसम्म गर्न सक्ने कानूनी व्यवस्था तथा अदालतका कर्मचारीहरूको आचार संहिता, २०७५ समेतका व्यवस्था प्रचलनमा रहेका छन्। यति हुँदाहुँदै पनि विभिन्न अध्ययन प्रतिवेदनले न्यायपालिकामा विकृति, विसंगति, अनियमितता तथा भ्रष्टाचार छ भन्ने देखाएका र सेवाग्राहीले पनि अदालतबाट पाउनुपर्ने सेवा छिटोछरितो, कम खर्चिलो र सहज रुपमा प्राप्तिको अनुभूति गर्न नसकेको अवस्था छ।

उल्लिखित पृष्ठभूमिमा नेपालमा न्यायिक सुशासनको विद्यमान अवस्था र न्यायिक सुशासन कायम गर्न गरिएको प्रयासको विश्लेषण गर्नुहोस्। साथै, न्यायिक सुशासन कायम गर्ने क्रममा देखिएका समस्याहरूको पहिचान गरी ती समस्याहरु समाधान गर्न चाल्नुपर्ने कदमहरुको खाका प्रस्तुत गर्नुहोस्। 20

४. आधुनिक सार्वजनिक अन्तर्राष्ट्रिय कानून अन्तर्गत मूलतः अन्तर्राष्ट्रिय मानवीय कानून (International Humanitarian Law), अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी कानून (International Human Rights Law) र अन्तर्राष्ट्रिय फौजदारी कानून (International Criminal Law) समेटिन्छन्। यस्ता कानूनहरूको पालना गर्ने, संरक्षण गर्ने र कार्यान्वयन गर्ने दायित्व सम्बन्धित राष्ट्रहरूको हो। यसको परिपालन गर्ने र आ-आफ्नो देशभित्र रुपान्तरण / आन्तरिकीकरण (Domestication/ Internalization) गर्ने काम राज्यबाट हुन्छ। यस्तो परिपालन र आन्तरिकीकरण गर्ने सिद्धान्त र विधिसमेत विकसित गरिएका छन्। तर यी विधिको प्रयोग र परिपालन फरक फरक ढंगबाट हुने गरेको छ। नेपालले पनि यस्ता कानूनहरूको परिपालन र आन्तरिकीकरण गर्ने विधि निर्धारित गरेको छ।

यस पृठभूमिमा देहायका प्रश्नहरूको तर्कपूर्ण जवाफ दिनुहोस्। 20

क) सार्वजनिक अन्तर्राष्ट्रिय कानून परिपालनका सिद्धान्त, विधि र विभिन्न देशले अपनाएको कार्य प्रणालीका बारेमा विवेचना गर्नुहोस्।

ख) नेपालले सार्वजनिक अन्तर्राष्ट्रिय कानूनको कार्यान्वयन र आन्तरिक रुपान्तरण कसरी गर्ने गरेको छ ? यसको प्रयोग कुनै विधि र सिद्धान्तमा आधारित छ, छैन ? यस विषयमा सर्वोच्च अदालतबाट पनि केही व्याख्या र सिद्धान्त स्थापित गरिएका भए सो समेतका आधारमा तर्कयुक्त दृष्टिकोण प्रस्तुत गर्नुहोस्।

५. सर्वोच्च अदालतको वार्षिक कार्ययोजनाले कम्तिमा ५० प्रतिशत मुद्दा फछ्र्यौट गर्ने लक्ष्य राखेको भए तापनि पछिल्लो वार्षिक प्रतिवेदन अनुसार मुद्दाको कुल लगत ३८७३० रहेकोमा केवल ८०९६ अर्थात २०.९० प्रतिशत फछ्र्यौट भै ३०६३४ जिम्मेवारी सरेको देखिन्छ। पाँच वर्ष नाघेका मुद्दाको संख्या ४८५८ भन्दा धेरै छन्। अभिलेखबाट केही मुद्दा त १२ वर्षभन्दा पुराना रहेका देखिन्छन्। न्यायाधीशहरूको व्यक्तिगत फछ्र्यौट दर हेर्दा प्रत्येक वर्ष अघिल्लो वर्षको तुलनामा उल्लेख्य प्रगति देखिए तापनि

क्रमशः

बढ्दो मुद्दा संख्याले त्यो प्रगति ओझेलमा परेको छ। सानातिना र जुनसुकै प्रकृतिका मुद्दाहरू कानूनको छिद्र प्रयोग गरी सर्वोच्च अदालतमा प्रवेश हुने गरेको देखिन्छ। रिटको समानान्तर क्षेत्राधिकार उच्च अदालतलाई भएको र उच्च अदालतमा मुद्दा दर्ता भएमा छिटोछरितो हुनसक्ने भए तापनि उच्च अदालतमा रिट दर्ताको संख्या कमी नै रहेको देखिन्छ। सर्वोच्च अदालतमा मुद्दाको अत्याधिक चापका कारण मुद्दाको किनारा हुन ज्यादै ढिला भै "ढिला न्याय दिनु न्याय नदिनु" सरह हुन गएको छ। कतिपय कैदी बन्दीका मुद्दाहरू तोकिएको कैद सजाय भुक्तान हुँदासमेत फैसला हुन नसकी मुद्दा नै निष्प्रयोजित हुन गएका छन्। न्यायाधीशको नियुक्ति समयमा नहुँदा सबै ईजलाशहरू पूर्ण रुपमा सञ्चालन हुन सकेको देखिँदैन। ईजलाशबाट समय तथा बहस व्यवस्थापन प्रभावकारी हुन नसकेको र कानून व्यवसायीले लामो र पट्यार लाग्दो बहस गर्ने गर्दा पेशी सूचीमा तल परेका मुद्दाहरूको सुनुवाईको पालो आउन सकिरहेको छैन। पेशी तोक्दा गोला प्रकृया अवलम्बन गरिएबाट एउटै मुद्दा पटकपटक हेर्न नमिल्ने ईजलाशमा परी मुद्दाका पक्षलाई थप सकस परेको छ। मुद्दा व्यवस्थापन प्रकृया प्रभावकारी हुन नसक्दा मुद्दाको प्राथमिकीकरण हुन नसकी राष्ट्रिय महत्वका कतिपय विषयहरू निर्णय हुन सकिरहेका छैनन्। यी र यस्तै अन्य कतिपय समस्याको कारण न्यायपालिकाको काम कारवाही प्रभावकारी हुन नसकेको भन्ने सार्वजनिक टिप्पणीहरू भइरहेको देखिन्छ। यस स्थितिमा सर्वोच्च अदालतमा मुद्दाको कार्यबोझ कम गर्नुका साथै यस अदालतको काम कारवाहीलाई प्रभावकारी बनाई न्यायपालिकाप्रतिको जनआस्था र विश्वासलाई अटल बनाइरहन हाल देखिएका समस्याहरूको पहिचान गर्नुहोस्। समस्याहरु कुन कुन क्षेत्रमा, कहाँ कहाँ रहेका छन् ? तिनमा सुधार गर्न के कसो गर्नुपर्ला ? समाधानका लागि उपयुक्त कार्ययोजनासमेत प्रस्तुत गर्नुहोस्। 25

««« समाप्त »»»